मिति : २०७३ बैशाख २

| | |
|---|---|
| सम्माननिय राष्ट्रपति ज्यू<br>राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौं | सम्माननिय प्रधानमन्त्री ज्यू<br>प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं |
| माननिय श्रम तथा रोजगार मन्त्री ज्यू<br>श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार, काठमाडौं | माननिय परराष्ट्र मन्त्री ज्यू<br>परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं |
| माननिय सभासद ज्यूहरु<br>व्यवस्थापिका संसद, काठमाडौं | महामहिम राजदुत ज्यूहरु<br>नेपाली कुटनीतिक नियोगहरु |
| सम्माननिय अध्यक्ष ज्यू<br>राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर, नेपाल | अध्यक्ष ज्यू तथा सचेतक ज्यू<br>सबै राजनीतिक दलहरु |

**विषय : बैदेशिक रोजगारमा नेपाली कामदार पठाउने सम्वन्धमा नेपाल सरकारबाट गरिएको फ्रीभिषा फ्रीटिकट सम्वन्धी निर्णयको प्रभावकारी कार्यान्वयन तथा शुन्य लागत सम्वन्धी व्यवस्थाको शुरुवातका लागि थप नीतिगत व्यवस्था र सहभागितामूलक अनुगमन प्रणालीको विकासका सन्वन्धमा ध्यानाकर्षण पत्र**

बैदेशिक रोजगारमा जाने नेपालीले विदेश जाँदा तिर्नु परेको सेवा तथा प्रवर्द्धन खर्चको भारको कारण कामदारहरु र उनीहरुका परिवारका सदस्यहरुमा आर्थिक, सामाजिक र मानसिक रुपमा असर परेको छ । बैदेशिक रोजगारीमा जाने नेपाली युवा र उनीहरुका परिवारका सदस्यहरु जीवनभर आर्थिक भार व्यहोर्नु पर्ने वाध्यतामा पारिएका छन् ।

यहि अप्ठ्यारोलाई बुझ्दै नेपाल सरकारले मिति २०७२ आषाढ २१ गतेदेखि लागु हुनेगरी खाडीका ६ राष्ट्र र मलेसियामा कामदारका रुपमा जाने नेपालीले प्रवेशाज्ञा र हवाई खर्च वापतको रकम तिर्न नपर्ने निर्णय गरेको थियो । यद्यपी भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन र आप्रवाशन सुशासनको सुनिश्चितता नहुँदा यो निर्णयको प्रभावकारी कार्यान्वयन आजसम्म हुन सकेको छैन ।

यस सम्वन्धमा मानवअधिकारकर्मी, नागरिक समुदाय र सरोकारवालाहरुको गम्भिर ध्यानाकर्षण भएको छ । नेपाली आप्रवासी कामदार, वैदेशिक रोजगारमा जान चाहने युवा, उनीहरुका परिवार र यस क्षेत्रमा कृयाशिल सबै सरोकारवालाहरु यस प्रकारका कामदारका पक्षमा भएका निर्णयहरुको अक्षरस कार्यान्वयन र प्रभावकारी अनुगमन प्रणालीको विकासका पक्षमा वकालत गरिरहेका छन् ।

बैदेशिक रोजगारमा जाने कामदारलाई कुनै पनि नाम वा शिर्षकमा कुनै पनि आर्थिक भार पारिनु हुँदैन । सरकारले कामदारको रोजगारी प्रकृयामा लाग्ने लागतखर्च न्यूनिकरण गर्नको लागि गरेको यो निर्णय अत्यन्त समय सान्दर्भिक रहेको र यस निर्णयले वैदेशिक रोजगार व्यवसायीहरु बीच रहेको अस्वस्थ प्रतिष्पर्धाका कारण धेरै तहमा हुने गरेको भिषाको किनबेचलाई निष्तेज पार्दै कामदारमाथि पर्ने आर्थिक भारलाई न्यूनिकरण गर्दछ ।

फ्रीभिषा फ्रीटिकटको प्रावधान कामदारको पक्षमा रहेको र यस निर्णयले अन्तराष्ट्रिय कानून, नेपालले अन्तराष्ट्रिय मञ्चहरुमा जनाएको प्रतिवद्धता, अन्तराष्ट्रिय मूल्य, मान्यता, सिद्धान्त र अभ्यासहरु प्रतिको प्रतिवद्धतालाई अभिव्यक्त गर्दै अन्तराष्ट्रिय छविमा समेत सकारात्मक योगदान पुऱ्याइरहेको छ ।

यसै सन्दर्भमा नेपाली आप्रवासी कामदारको मानवअधिकारका पक्षमा रहेको फ्रीभिषा फ्रीटिकट प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि मानवअधिकारकर्मी, नागरिक समाज, सञ्चारकर्मी, ट्रेड युनियनकर्मी, आप्रवासी कामदार र सरोकारवालाहरुको सहभागितामा सामुहिक छलफल पश्चात हामीले साझा धारणा तयार गरी सार्वजनिक गरेका छौ ।

**फ्रीभिषा र फ्रीटिकटको प्रावधान तत्काल कार्यान्वयन गरी नागरिक समाज, ट्रेड यूनियन र सञ्चार क्षेत्र तथा आप्रवासी कामदारको संस्था समेतको सहभागितामा प्रभावकारी अनुगमन प्रणालीको सुनिश्चितता गर्न ध्यानाकर्षण गर्दछौ किनकी,**

(क) कामदार भर्ना प्रकृयामा त्यसको लागत रोजगारदाताले व्यहोर्ने श्रम क्षेत्रको स्थापित मान्यता हो । अन्तराष्ट्रिय कानूनहरुमा स्पष्ट रुपमा बैदेशिक रोजगारमा जाने कामदारले सेवा शुल्क र प्रवर्द्धन खर्च तिर्नु नपर्ने र यी सबै खर्चहरु रोजगारदाताले नै व्यहोर्नुपर्ने प्रावधान छ । तसर्थ कामदार भर्ना प्रकृयामा लाग्ने लागत स्वयं कामदारले तिर्नुपर्ने व्यवस्था गर्नु प्रचलित श्रम सम्बन्धको मान्यता विपरित रहेको हुँदा कामदारसँग शुन्य शुल्कको अवधारणा लागु गरिनुपर्दछ ।

(ख) यदी कामदारसँग कुनै पनि बहानामा रोजगारीका लागि शुल्क लिने निर्णय भएमा यो नेपालको संविधान, २०७२ को मौलिक हकको धारा ३३ र ३४ को विपरित तथा धारा ५१ झ को (५) विपरित हुने हुँदा कुनै पनि शुल्क लिने ब्यवस्था गैर संवैधानिक कदम हो ।

(ग) आप्रवासनसँग सम्वन्धित प्रचलित अन्तराष्ट्रिय कानून, नेपालले अन्तराष्ट्रिय मञ्च, ढाका सिद्धान्त लगायतमा जनाएका प्रतिवद्धता अनुसार बैदेशिक रोजगारीमा जाने कामदारसँग कुनै पनि नाममा पैसा लिन पाईदैन । कामदारसँग विभिन्न नाम र शिर्षकमा पैसा उठाइदा ठगी, मानव बेचविखन, ओसारपसारको जोखिमता बढिरहेको छ । समाजमा आपराधिक कृयाकलाप बढेको अवस्था छ ।

(घ) रेमिट्यान्सको हिसाव गर्छौ तर कामदारहरुले विदेश जान गरिरहेको लगानीको हिसाव गरिएको छैन जुन उनीहरुले तिर्नुपर्ने नै होइन । तसर्थ शुन्य लागतमा कामदार बैदेशिक रोजगारीमा जान पाउनु पर्दछ ।

(ङ) नेपाल सरकारले फ्रीभिषा, फ्रीटिकटको निर्णय गरिसकेको छ । यसको प्रभावकारी कार्यान्वयन र अनुगमन आवश्यक छ । हाल बैदेशिक रोजगार व्यवसायी संघले कामदारसँग लिन पाउने शुल्क बृद्धि गर्नुपर्ने माग गरिरहेपनि त्यसको कुनै बैज्ञानिक आधार देखिन्न । बैदेशिक रोजगार व्यवसायीले कामदार पठाए वापत रोजगारदातासँगबाट सेवा शुल्क प्राप्त गरिरहेका छन् र श्रम क्षेत्रको सामान्य सिद्धान्त पनि त्यहि हो ।

(च) नेपाल सरकार श्रम तथा रोजगारमा मन्त्रालयको मिति २०७२।०२।२१ गतेको निर्णय उत्प्रेषण परमादेशको आदेशद्धारा वदर गरि पाउँ भनी वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विमलप्रसाद ढकालले पुनरावेदन अदालत पाटनमा २०७२।०३।२३ गते रिट दायर गर्नुभएकोमा मिति २०७२।०३।२८ गते सम्मानीत पुनरावेदन अदालतबाट उक्त रिटमा सुनुवाई गरि निवेदकले माग गरे वमोजिम तत्काल अन्तरिम आदेश जारी गर्नु नपर्ने

भनि निर्णय भएकोले उक्त फ्रीभिषा फ्रीटिकट सम्वन्धी व्यवस्था कार्यान्वयन गर्नुपर्ने सम्वन्धमा कुनै द्विविधा नरहेको स्पष्ट हुन्छ । न्यायालयले समेत निर्णय गरिसकेको विषयमा पुनः बहस गरिरहन नमिल्ने तथ्य स्मरण गराउन चाहन्छौं ।

**शुन्य लागत सम्वन्धी हल्ला र वास्तविकता :**

(क) शुन्य लागत सबै समस्याको समाधान होइन तर एउटा असल प्रयास अवश्य हो । यसले कामदारमाथि हुने ठगी र उनीहरुको बेचविखन रोकी कामदारको अधिकारको सम्मान गर्छ ।

(ख) शुन्य लागतको व्यवस्था कामदार, उनीहरुका परिवार, सरकारका साथै बैदेशिक रोजगार व्यवसायीको पनि हितमा छ । शुन्य लागत प्रभावकारी कार्यान्वयन भए बैदेशिक रोजगार व्यवसायीहरुले नै बढी कमाउन सक्नेछन् । उनीहरुको अन्तराष्ट्रिय सम्वन्ध विकास हुनेछ र मानसम्मान पनि बढ्नेछ । राम्रो व्यवसायीहरुको सम्मान र गलत काम गर्नेको खवरदारी गर्नु आवश्यक छ । यो शुन्य लागतको निर्णय र कार्यान्वयनमा मात्र सम्भव छ ।

(ग) हामी कामदारको मानवअधिकारका पक्षमा छौं यसका साथै देशका सबै कानूनसम्मत व्यवसायको हित र विकासका पक्षमा छौं । यसका लागि सरकारले लगानी र सहजीकरण गर्नुपर्ने हाम्रो धारणा छ ।

(घ) यो सवाल अव अन्तराष्ट्रिय सवाल बनिसकेकोले नेपाल सरकार एक्लै यस निर्णयबाट पछाडी फर्किन सक्दैन । फ्रीभिषा फ्रीटिकट अभियान अहिले विश्वका करिव ५० देशमा चलिरहेको छ । विश्वका विभिन्न मानवअधिकारसँग सम्वन्धि संघसंस्था, व्यक्तिहरुले यसका पक्षमा आवाज उठाइरहेका छन् । यो अवस्थामा नेपाल सरकार पछाडी फर्किनु भनेको नेपालको अन्तराष्ट्रिय छवी खत्तम बनाउनु हो । यसले आगामी दिनमा अन्तराष्ट्रिय मञ्चमा नेपाल निरुत्तर हुनेछ ।

(ङ) बैदेशिक रोजगार विभागमा परेका उजुरीहरु केलाउदा ७० प्रतिशत ठगी वा किर्ते देशभित्रै हुने गरेको देखिन्छ । यसबाट भर्ति प्रकृया र कामदारको सुरक्षामा हाम्रो आफ्नै बढी जिम्मेवारी छ ।

हामी फ्रीभिषा र फ्री टिकट मात्र होइन कामदारलाई कुनै पनि आर्थिक भार दिनु हुँदैन भन्ने पक्षमा छौ । तसर्थ शुन्य लागतका पक्षमा उभिएका छौ । हामी घरायसी खर्च चलाउन बैदेशिक रोजगारीमा जाने कामदारको थाप्लोमा रकमको भार बोकाउने प्रयत्नको विपक्षमा छौं । त्यसैले कामदार र तिनका परिवारको हितका लागि शुन्य लागतको पक्षमा आवाज उठाउन र यो अभियानमा हातेमालोका लागि अपिल गर्दछौं ।

कामदारका पक्षमा भएका सकारात्मक पहलहरुका विपरित हुने जुनसुकै प्रयास र कामदारको आधारभुत मानवअधिकारको संरक्षण गर्ने सम्वन्धमा हामी राष्ट्रिय तथा अन्तराष्ट्रिय सबै तहमा दवावमुलक तथा कानूनी रुपमा समेत संघर्षरत रहने प्रतिवद्धता जनाउन चाहन्छौ ।

(क) नेपाली बैदेशिक रोजगारीमा जाने कामदारलाई शुन्य लागतमा बैदेशिक रोजगारमा जान पाउने अधिकार सुनिश्चित गर्न माग गर्दछौ ।

(ख) कुनै पनि नेपाली नागरिकले रोजगारीको प्रकृयाका लागि कुनै किसिमको आर्थिक भार व्यहोर्नु नपर्ने अवस्था सिर्जना गर्न अहिलेसम्म भएका निर्णयको प्रभावकारी कार्यान्वयन गर्दै नयाँ थप कानूनी व्यवस्था तय

गर्न माग गर्दछौं । प्रभावकारी कार्यान्वयनका लागि नागरिक समाज, ट्रेड यूनियन, आप्रवासी कामदारको संस्था समेतको सहभागितामा अनुगमन प्रणालीको विकास जरुरी ठान्दछौं ।

(ग) विश्वासिलो, प्रभावकारी र सहज उजुरी प्रकृया र कामदारको मानव अधिकारको सुरक्षा गर्न माग गर्दछौ ।

(घ) नेपाली कामदारहरुको रोजाईको गन्तव्य मुलुकहरुसँग यथाशिघ्र अनिवार्य द्विपक्षिय श्रम सम्झौता गर्न माग गर्दछौ ।

**सुरक्षित आप्रवाशनका लागि राष्ट्रिय सञ्जाल, काठमाडौ**

*(सञ्जाल, आप्रवासीको कामदारको मानव अधिकारमा कृयाशिल संस्थाहरु, सञ्चार संस्था, स्वदेश फर्केका आप्रवासी कामदारहरुको संस्था, ट्रेड युनियन, महिला संस्था, युवा संस्था लगायतका दुई दर्जन संघ संस्थाहरुको छाता संस्था हो)*